# सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७५

स्वीकृत मितिः २०७५/७/२४

प्रस्तावना : नेपालमा भौगोलिक विविधताले प्रदान गरेको बाली विविधिकरणको अवसरबाट फलफूल विकासमा प्रशस्त सम्भावना बढाएको छ। तराई देखि उच्च पहाडसम्मको जमिनको बनोट, पर्यावरणीय क्षेत्र तथा जलवायूको विविधता आदिले धेरै किसिम र जातका फलफूल बालीको उत्पादन र व्यवसायिकरण भैरहेको छ। नेपालमा आ.व. २०७३/७४ मा कूल १६२६६० हेक्टर क्षेत्रफलमा फलफूल खेती भैरहेको छ, सो मध्ये १,१०,५०१ हेक्टर उत्पादनशिल क्षेत्रफलबाट ९.२२ मे.टन/प्रति हेक्टरको दरले उत्पादन भई कूल १०,१८,३०८ मे.टन. फलफूल उत्पादन भएको छ (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१७)। सो तथ्याङ्क अनुसार सोही आ.व. मा करिब ११ अरब बरावरको फलफूल आयात भएकोमा करिब ३ करोड बरावरको मात्र निर्यात भएको देखिन्छ। यसबाट फलफूलको क्षेत्रफल विस्तार गरी व्यावसायिक उत्पादन प्रवर्द्धनको माध्यमबाट प्रशस्तै आयात प्रतिस्थापन गर्न सकिने सम्भावना देखिन्छ। त्यसैले सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार गरी पर्यावरणीय सुधार एवं उत्पादन अभिवृद्धि मार्फत आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन गर्ने कार्यमा ठोस योगदान गर्ने उद्देश्यले सुशासन (कार्य सञ्चालन तथा व्यवस्थापन) ऐन २०६४ को दफा १४ तथा सुशासन (कार्य सञ्चालन तथा व्यवस्थापन) नियमावली २०६५ को नियम ९ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्विकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"केन्द्र"** भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर सम्झनुपर्छ।

(ख) **"निजी जग्गा"** भन्नाले फार्म, कम्पनी वा संस्था तथा व्यक्तिको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्दछ।

(ग) **"प्रदेश मन्त्रालय"** भन्नाले कृषि विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्दछ।

(घ) **"फार्म, कम्पनी वा संस्था"** भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनुपर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सम्झनु पर्दछ।

(च) **"समूह"** भन्नाले नेपाल सरकारका जिल्ला स्थित निकाय तथा स्थानीय तहमा विधिवत दर्ता भएको समूह सम्झनुपर्छ।

(छ) **"सहकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनुपर्छ।

(ज) **"सार्वजनिक जग्गा"** भन्नाले सरकारी वा सार्वजनिक निकायको स्वामित्वमा रहेको जग्गा सम्झनु पर्दछ।

(झ) **"सार्वजनिक निकाय"** भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ख) बमोजिमका निकाय सम्झनु पर्दछ।

(ञ) **"समिति"** भन्नाले दफा ९ अनुसार गठित कार्यक्रम कार्यान्वयन समिति सम्झनु पर्दछ।

(ट) **"ज्ञान केन्द्र"** भन्नाले प्रदेश सरकार मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्दछ ।

३. **कार्यक्रमको उद्देश्य** : यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक खाली जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी पर्यावरणीय सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशिल बनाउने, र

(ख) निजी जग्गाहरुमा व्यावसायिक फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।

सचिव

कृषि तथा पशुपन्छी विकास मन्त्री

४. **सार्वजनिक जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) यस अन्तर्गत सार्वजनिक जग्गाको उपयुक्त खाली क्षेत्रमा फलफूल खेती विस्तार गरिनेछ। आ.व. २०७५/०७६ को हकमा सार्वजनिक जग्गा (सिंहदरवार तथा मन्त्री आवास क्षेत्र हरिहरभवन) तथा विभिन्न राष्ट्रिय दिवसहरुमा तोकिएका सार्वजनिक स्थलहरुमा कार्यक्रम सञ्चालन गरिने छ। आगामी वर्षहरुमा प्रदेश, जिल्ला तथा स्थानीय तहसम्मको सार्वजनिक निकायमा विस्तार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम फलफूल खेती विस्तार गर्दा विरुवा संख्याका आधारमा लागत ईष्टिमेट तयार गरी फर्म वा कम्पनी मार्फत विरुवा रोपण, नियमित हेरचाह तथा संरक्षणको व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम फलफूल खेती विस्तार गर्दा आवश्यक पर्ने विरुवा सरकारी फार्मको हकमा सरकारी दरमा र निजी नर्सरीको हकमा बजार मुल्यमा खरिद गरिनेछ। विरुवा तथा विरुवा ढुवानीको व्यवस्था केन्द्रले गर्नेछ।

(४) उपदफा (२) बमोजिम विरुवा रोपण कार्य तथा सम्झौतामा उल्लेख भएका अन्य कार्यहरु सम्पन्न भएपछि सम्झौतामा तोकिए बमोजिम सम्बन्धित फर्म वा कम्पनीले केन्द्रमा भूक्तानी माग गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम भुक्तानी माग भई आएमा केन्द्रले आवश्यकता अनुसार अनुगमन गरी कार्य प्रगतिका आधारमा भुक्तानी दिनेछ ।

५. **निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) निजी जग्गामा फलफुल खेती विस्तार कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी केन्द्रमा रहने छ । यसको सहजीकरण प्रदेश मन्त्रालय अन्तर्गतका ज्ञान केन्द्र तथा वागवानी फार्म, वागवानी केन्द्रहरुबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम निजी जग्गामा फलफूल खेती विस्तार गर्दा निजी फर्म, कम्पनी, संस्था एवं समुह, सहकारीहरुलाई प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराईनेछ ।

(३) आ.व. २०७५/७६ को हकमा देहाय बमोजिमका जिल्लाहरुमा देहाय बमोजिमका फलफूल वालीहरुको क्षेत्रविस्तार कार्यक्रम संचालन गरिने छ :-

(क) ओखलढुङ्गा जिल्लामा - अनार,

(ख) कपिलवस्तु, रौतहट, सर्लाही र महोत्तरी जिल्लामा - आँप, लिची,

(ग) अर्घाखाँची, भोजपुर र सुनसरी जिल्लामा - कागती,

(घ) रामेछाप, सोलुखुम्बु, रुकुम पश्चिम र मकवानपुर जिल्लामा - किवी,

(ङ) कैलाली, तनहुँ र पर्वत जिल्लामा - सुन्तला।

(४) आगामी वर्षहरुमा श्रोत र साधनको उपलब्धताको आधारमा जिल्ला र बालीहरु थप गर्न सकिनेछ ।

६. **सूचना प्रकाशन :** (१) केन्द्रले कार्यक्रम संचालनका लागि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तोकिएको योग्यता पुगेका फार्म, कम्पनी, संस्था तथा समूह वा सहकारीहरुलाई फलफूल खेती विस्तारको लागि अनुसूची-१ बमोजिमको प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन भएपछि ईच्छुक फार्म, कम्पनी, संस्था तथा समूह वा सहकारीहरुले उक्त सूचनामा तोकिएको समय भित्रमा अनुसूची-२ अनुसारको कागजातहरु तथा अनुसूची-३ अनुसारको प्रस्ताव संलग्न राखी केन्द्रमा शिलवन्दी आवेदन प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

७. **प्रस्ताव मुल्याङ्कन, छनौट र सम्झौता :** (१) प्रचलित कानून बमोजिम रीतपूर्वक दर्ता भएका प्रस्तावहरु दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन समिति मार्फत मुल्याङ्कन प्रकृया अगाडि बढाईने छ।

(२) कार्यक्रम कार्यान्वयन समितिले प्रस्ताव मुल्याङ्कनको लागि मुल्याङ्कन उप-समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको मुल्याङ्कन उप-समितिले प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा दफा ११ बमोजिमका न्यूनतम योग्यता पुगेका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मुल्याङ्कनका लागि योग्य

हुनेछन्।

(४) मुल्याङ्कन समितिले आवश्यकता अनुसार अनुसूची-४ मा तोकिएको मुल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका उपशिर्षक निर्धारण गर्न सक्नेछ ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्युनत्तम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मुल्याङ्कन प्रकृया अगाडि बढाईनेछ।

(६) उपदफा (२) बमोजिम गठित मुल्याङ्कन उप समितिले प्रचलित कानून बमोजिम प्रस्तावको मुल्याङ्कन गरी मुल्याङ्कनको नतिजा कार्यक्रम कार्यान्वयन समिति समक्ष सिफारिस साथ पेश गर्नु पर्नेछ ।

(७) कार्यक्रम कार्यान्वयन समितिले उपसमितिको प्रतिवेदनलाई समेत आधार मानी आयोजना छनौटका लागि केन्द्र प्रमुखलाई सिफारिस गर्नेछ ।

(८) स्वीकृत कार्यक्रमको परिधिभित्र रहि अनुसूची-४ बमोजिम मुल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव कार्यक्रम संचालनका लागि छनौट गरिनेछ।

(९) कार्यक्रम संचालन गर्ने अनुदानग्राही संस्थाहरुसँग केन्द्रले आवश्यक शर्तहरु राखी अनुसूची-५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

८. **संचालन हुने मुख्य-मुख्य क्रियाकलाप र सहजीकरण** : सरकारी तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम अन्तर्गत संचालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजिकरण देहाय बमोजिम हुनेछ :-

| सि. नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजिकरण % बढीमा | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १. | फलफूल बगैंचा क्षेत्र विस्तार | अनुसूची-६ बमोजिमको क्रियाकलापहरुको प्याकेज | ७५% | फार्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र | कृषि विभाग बाट २०७४ बैशाख ८ मा प्रकाशित विभाग अन्तर्गतका कार्यालयहरुबाट कृषक, कृषक समूह, सहकारीले प्राप्त गर्न सक्ने अनुदान सम्बन्धी विवरणलाई आधार मानिएको । |
| २. | कृषि औजार उपकरण | सिकेचर, आरी, स्प्रेयर (फूट तथा पावर समेत), खाडल खन्ने मेसिन, पावर, मिनि टिलर, घाँस काट्ने र गोड्ने मेसिन, उच्च प्रविधि सामाग्री लगायत । | ७५% | फार्म, कम्पनी, संस्था तथा समूह, सहकारीमा आवद्ध कृषक, राष्ट्रिय फलफूल विकास केन्द्र | |
| ३. | परीक्षण सेवा | माटो परिक्षण तथा बाली संरक्षण सेवा | ८५% | अनुदान ग्राही तथा प्रयोगशालाहरु | कृषि विभागबाट २०७४ बैशाख ८ मा प्रकाशित विभाग अन्तर्गतका कार्यालयहरुबाट कृषक, कृषक समूह, सहकारीले प्राप्त गर्न सक्ने अनुदान |

| सि. नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | सम्बन्धी विवरणलाई आधार मानिएको । |
| ४. | सिंचाई | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), सिंचाई पाईप, थोपा सिंचाई, कुलो निर्माण | ८५% | | साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका २०६१ लाई आधार मानिएको । |
| ५. | अनुगमन तथा निरीक्षण | स्थानीय तह, प्रदेशिक तथा केन्द्रिय निकायबाट | | रा.फ.वि.केन्द्र कीर्तिपुर, कृषि विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट | |

नोट : आवश्यकता अनुसार प्रस्तावकले अन्य कार्यक्रमहरु केन्द्रको सहमतीमा थप गर्न सक्ने छ। यसरी थपिएका क्रियाकलापहरुमा बढीमा ७५% अनुदान उपलब्ध हुनेछ ।

९. **कार्यक्रम कार्यान्वयन समिति :** सार्वजनिक तथा निजी क्षेत्रमा फलफूल खेती विस्तार कार्यक्रम संचालन तथा सहजीकरणका लागि केन्द्रमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

(क) प्रमुख, राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपूर - संयोजक

(ख) कृषि विभाग, वागवानी विकास शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधी - सदस्य

(ग) प्रतिनिधी, वागवानी अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद, खुमलटार (फलफूल वैज्ञानिक) - सदस्य

(घ) प्रतिनिधी, कृषि यान्त्रिकरण तथा बजार पूर्वाधार विकास केन्द्र, हरिहरभवन - सदस्य

(ङ) वरिष्ठ वागवानी विकास अधिकृत, राष्ट्रिय फलफूल विकास केन्द्र - सदस्य सचिव

१०. **कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :** (१) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) केन्द्र प्रमुख समक्ष प्रस्ताव मुल्याङ्कन गरी मूल्याङ्कनको नतिजा सिफारिस गर्ने,

(ख) प्रस्तावहरुको प्रारम्भिक तथा अन्तिम मूल्याङ्कनको लागि समितिका पदाधिकारी र अन्य विज्ञहरु रहने गरी उपसमिति गठन गर्ने र कार्यादेश दिने,

(ग) प्रस्तावहरुको प्रारम्भिक र अन्तिम मूल्याङ्कन गरी केन्द्रमा सिफारिस गर्ने,

(घ) केन्द्रलाई प्राविधिक तथा अन्य राय सुझाव दिने,

(२) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

११. **प्रस्तावकको योग्यता :** सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रममा सहभागि हुने प्रस्तावकको योग्यता देहाय बमोजिमको हुनेछ :

(क) अनुसूची-३ अनुसार निर्धारित ढाँचामा लेखिएको प्रस्ताव सहित अनुसूची-२ अनुसारको निवेदन ।

(ख) प्रस्तावकका तर्फबाट प्रस्ताव पेश गर्न जिम्मेवारी तोकिएको व्यक्तिलाई प्रस्तावकले अख्तियारी दिएको पत्र र निजको नागरिकताको प्रतिलिपी ।

(ग) स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको र स्थानीय तहबाट आवश्यक सहयोगको प्रतिबद्धता पत्र।

(घ) फार्म, कम्पनी, संस्था, समूह वा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी।

(ङ) कार्यक्रम संचालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक, सिमा जोडिएको हुनु पर्नेछ (उल्लिखित जग्गाको लालपुर्जाको प्रतिलिपी र ट्रेस नक्साको प्रतिलिपी) ।

(च) करारमा लिएको जग्गा हो भने न्युनतम १५ वर्ष करार सम्झौता गरेको सम्झौताको प्रतिलिपी ।

१२. **खर्च सम्बन्धी व्यवस्था :** (१) प्रचलित ऐन तथा नियमावलीको परिधिमा रही सूचना प्रकाशन, वैठक भत्ता, अनुगमन मूल्याङ्कन, कार्यालय संचालन लगायतका कार्यका लागि यसै कार्यक्रमको लागि विनियोजित वजेटको २.५% ननाघ्ने गरी सोही वजेटबाट व्यवस्थापन गरिनेछ ।

(२) कार्यक्रम संचालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए वमोजिम हुनेछ ।

(३) अनुदानग्राहीलाई कामको प्रकृति अनुसार बढीमा २ (दुई) किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक मार्फत उपलब्ध गराईने छ।

१३. **प्रगति प्रतिवेदन पठाउनु पर्ने** : अनुदान ग्राहीले कार्यक्रमको प्रगती प्रतिवेदन मासिक रुपमा राष्ट्रिय फलफूल विकास केन्द्रमा पेश गर्नु पर्नेछ।

१४. **अनुगमन र मूल्याङ्कन :** मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्र, प्रादेशिक तथा स्थानीय तहबाट नियमित अनुगमन हुनेछ।

१५. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन्।

१६. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

१७. **कार्यविधि संशोधन:** यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ।

कृषि तथा पशुपन्छी विकास मन्त्री

अनुसूची-१

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## निजी क्षेत्रमा फलफूल खेती विस्तार कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आह्वानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

आर्थिक वर्ष ............................ को राष्ट्रिय फलफूल विकास केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम अनुसार निजी क्षेत्रमा फलफूल खेती विस्तार कार्यक्रम रहेको हुँदा ईच्छुक फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र अनुसूची–२ बमोजिमका कागजातहरु संलग्न राखी राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा बुझाउनु हुन अनुरोध छ ।यस सम्बन्धमा थप जानकारीको लागि राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा सम्पर्क गर्न सक्नु हुनेछ।

सचिव

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

रु. १०
को टिकट

श्री राष्ट्रिय फलफूल विकास केन्द्र,
कीर्तिपुर

मेरो फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीबाट ..................... गा.पा./न.पा., .............. जिल्ला अन्तर्गत ........... ..........स्थानमा ............ जातको फलफूल बगैंचाको स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु. .......... मध्ये रु. ................ मेरै/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .............. अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं।

संलग्न कागजात

१. अनुसूची-२ अनुसारको आवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. अनुसूची-३ अनुसार लेखिएको प्रस्ताव।
४. सम्बन्धित स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र र आवश्यक आर्थिक सहयोगको प्रतिवद्धता पत्र।
५. फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थाई लेखा नं. र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
६. कार्यक्रम संचालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको हुनु पर्नेछ (लालपूर्जाको प्रमाणित प्रतिलिपी र ट्रेस नक्साको प्रमाणित प्रतिलिपी) ।
७. करार सम्झौता गरी एकै ब्लक र सीमा जोड्दा न्यूनतम १५ (पन्ध्र) वर्षको करार सम्झौता गरेको करारको प्रमाणित प्रतिलिपी ।

निवेदक

दस्तखतः
नाम थरः
पदः

फर्म/कम्पनी :
ठेगानाः
फर्म/संस्थाको छापः

हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको दस्तखत :

सचिव

अनुसूची -३
(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

१. फार्म/कम्पनी/संस्था तथा समूह/सहकारीको नामः
२. ठेगानाः
३. कार्यक्रम संचालन हुने क्षेत्रफलः
४. विस्तार हुन सक्ने क्षेत्रफलः
५. परियोजनाको पृष्ठभूमी :(संस्था एवं स्थान परिचय र अवस्था, उद्देश्य )
६. परियोजनाको उद्देश्यः (बढीमा ५ बुंदामा )
७. कार्य योजनाः क्रियाकलाप (के, कति, कहिले, कसरी, कस्ले)
८. अपेक्षित प्रतिफलः (गणना गर्न सकिने मात्र )
९. लागत वजेटः (टेवल बनाउन सकिने) (अन्तमा जम्मा, संस्थाले व्यहोर्ने, माग गरिएको अनुदान)
१०. विरुवाको श्रोत र उपलब्धताको सुनिश्चितताको प्रमाणः
११. दिगोपनाको योजनाः (संरक्षण योजना, मरेको विरुवाको स्थानमा नयां विरुवा रोप्ने र अन्य व्यवस्थापन कार्य, कम्तिमा ५ (पांच) बर्षे कार्ययेजना)
१२. नयाँ सोच केही भए उल्लेख गर्नुहोस् ..........................

प्रस्तावक संस्थाको नाम :
ठेगानाः
दस्तखत (अधिकार प्राप्त व्यक्तिको) :
मितिः
संस्थाको छाप :
नोटः प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

सचिव

अनुसूची ४

(दफा ७ को उ... सँग सम्बन्धित)

## प्रस्तावको ... मापदण्ड

१. कम्पनी/संस्था/फर्म रीत पूर्वक दर्ता भएको हुनु

२. भौगोलिक र वातावरणीय उपयुक्तता (५ अंक)

३. व्यवसायको विस्तारको प्रस्ताव।

| बाली | अंक (५) | अंक (८) | अंक (१२) | अंक (१५) |
|---|---|---|---|---|
| कागती/सुन्तला | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |
| अनार | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |
| आंप/ लिचि | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |
| अंगुर | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |
| किवी | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |
| स्याउ | १० हेक्टर | १५ हेक्टर | २० हेक्टर | > ३० हेक्टर |

४. संचालक तथा कम्पनीको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा रहेको जग्गा भएको हकमा (१० अंक) र करार गरी भाडामा लिएको जग्गाको हकमा (८ अंक)

५. प्राविधिक ज्ञान, अनुभव र दक्षता (३ अंक)

६. बजार योजना (२ अंक)

७. लगानीको श्रोतमा अन्य निकायको सहभागिता रहेको प्रमाण पेश गरेमा (२ अंक)

८. व्यवसायिक योजना । (३ अंक)

पूर्णाङ्क जम्मा :४०

सचिव

अनुसूची - ५

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## सम्झौता-पत्र

आ. व. ................बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत प्रतिस्पर्धाका आधारमा फलफूल क्षेत्र विस्तार कार्यक्रम संचालन प्रयोजनार्थ "सार्वजनिक तथा निजी जग्गामा फलफूल खेती विस्तार कार्यक्रम संचालन कार्यविधि २०७५" (नेपाल सरकार .......... को मिति २०७५/ / मा स्वीकृत) अनुसार मिति २०७ / / मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७../ / को निर्णयले जम्मा लागत रु ..........(अक्षरुपी ............ मात्र) मध्ये कार्यालयबाट अनुदान रु ............(अक्षरुपी ............मात्र) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मञ्जुर गरी यो सम्झौता गरिएको छ ।

| क्र. सं. | क्रियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र राष्ट्रिय फलफूल विकास केन्द्र कीर्तिपुर (प्रथम पक्ष) र सम्बन्धित ........... ........... (दोश्रो पक्ष) बीच फलफूल क्षेत्र विस्तार कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. यो सम्झौता सम्झौताकारी दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा २ (दुई) किस्तामा (५०/५०% का दरले) रकम उपलब्ध गराउनु पर्नेछ । दोश्रो पक्षले मिति २०७६/०३/१० सम्ममा कार्य सम्पन्न गरि कार्यालयमा अन्तिम बील भर्पाई पेश गरि भुक्तानी माग गर्नु पर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा ५० (पचास) प्रतिशत कार्य गरेको हुनु पर्नेछ । सम्झौता बमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोश्रो किस्ता रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गरिनेछ । दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम वा दोश्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मूल्याङ्कन गराई बील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ। प्रथम पक्षले रीतपूर्वकको प्रतिवेदन तथा बिलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ नगरपालिका/गाउँपालिकाबाट कार्यसम्पन्न भएको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

सचिव

९. दोश्रो पक्षले कार्यक्रमको प्रगति विवरण मा[illegible] राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरमा उपलब्ध गराउनु पर्नेछ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

..........................

प्रथम पक्षका तर्फबाट

नाम:

पद: प्रमुख

मिति :

कार्यालयको नाम र छाप:

..............................

साक्षी :

नाम, थर :

पद:

मिति :

ठेगाना :

..............................

दोश्रो पक्षका तर्फबाट

नाम:

पद:

मिति :

कार्यालयको नाम र छाप:

अनुसूची - ६

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

## विभिन्न फलफूल [illegible] उत्पादन प्याकेज प्रति हेक्टर

| क्र. सं. | क्रियाकलाप | ईकाई | आंप | [illegible] | अनार | कागती | अंगुर | सुन्तला | किवी | स्याउ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बगैंचा रेखाङ्कन गर्न आवश्यक सामग्री (बांसको किला, डोरी, टेप) | रु. | | | | | | | | |
| २ | बगैंचा रेखाङ्कन गर्ने, बिरुवा रोप्न, खाडल खन्ने, मल मिसाउने तथा पुर्ने, टेका तथा छापो राख्ने ज्यामी | संख्या | ४५ | ६० | १०० | १२० | ४५ | १०० | १२० | १०० |
| ३ | बिरुवा व्यवस्थापन | संख्या | १०० | १५० | ३०० | ४०० | १०० | ३०० | ४०० | ३०० |
| ४ | मलखाद (खाडल तयारी गर्दा प्रोग गर्ने) | | | | | | | | | |
| | कम्पोष्ट | के.जी. | १००० | १५०० | १५०० | २००० | १००० | १५०० | २००० | १५०० |
| | यूरीया | के.जी. | ५ | ७.५ | १५ | २० | ५ | १५ | २० | १५ |
| | डिएपी | के.जी. | २.५ | ३.७५ | ७.५ | १०. | २.५ | ७.५ | १०. | ७.५ |
| | पोटास | के.जी. | २.५ | ३.७५ | ७.५ | १०. | ५. | १५. | २०. | १५. |
| ५ | बिरुवालाई टेका, पाईप तथा तार फिटिङ्ग र छापो व्यवस्थापन | रु. | | | | | | | | |
| ६ | कृषि औजार उपकरण खरीद (सिकेचर,आरी,स्प्रेयर) | रु. | | | | | | | | |
| ७ | सिंचाई पाईप ईन्च | मिटर | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ८ | बिरुवा तथा सामग्री ढुवानी | रु. | | | | | | | | |

नोट : सामग्री प्रचलित बजार मूल्य तथा ज्याला जिल्ला दररेट अनुसार राख्ने । मेसिनरी औजारको प्रस्तावकले जनश्रमकोमा न्यूनहुने संख्या तथा लागत कम गरी प्रस्ताव गर्नु पर्नेछ ।